DOI: https://doi.org/10.3126/cognition.v7i1.74799

# रूपन्देही जिल्लाका थारू समुदायमा प्रचलित सीताविवाह लोकनाटक : प्रचलन र प्रस्तुति

सहप्रा. डा. मुकुन्द शर्मा[१]

*लेखसार*

*प्रस्तुत आलेख रूपन्देही जिल्लाका थारू समुदायमा प्रचलित सीताविवाह लोकनाटकको प्रचलन, प्रेरणा, प्रभाव र कथास्रोत तथा प्रस्तुति विधानका बारेको अध्ययनमा केन्द्रित छ । नेपालका विभिन्न समुदायमध्ये हालको बसाइँसराइको अवस्थाबाहेक तराई र भित्री मधेश भूभागमा बसोबास गर्नेमा थारू समुदाय मुख्य पर्दछ जसको आफ्नै भाषा, संस्कृति, रीतिरिवाज, परम्परा, साहित्य र लोकसाहित्य छ । रूपन्देही जिल्लामा पनि यस समुदायको बसोबास रहेको छ । लोकसाहित्यिक विधामा सम्पन्न मानिने यस समुदायमा लोकसाहित्यका लोकगीत, गाथा, कथा, उखान, टुक्का, पहेली आदि रहे जस्तै लोकनाट्य विधा पनि प्रचलित देखिन्छ । यस्ता नाटकका विषय ऐतिहासिक, पौराणिक र लोककिंवदन्तीसँग सम्बन्धित देखिन्छन् । अध्ययनीय सीता विवाह लोकनाटक हिन्दु पौराणिक कथामा आधारित तथा आफ्नै जातीय सामाजिक सांस्कृतिक अभिव्यक्ति प्रकट भएको अभिनेयमूलक नाट्य विधा हो जसको विषय रामकथा रहेको छ । यसको रचना र प्रस्तुतिको प्रेरणा उत्तर भारतका विभिन्न ठाउँमा प्रचलित रामलीला नै हो । क्षेत्रकार्यबाट आफै प्रत्यक्ष सङ्लगन भई सामग्री सङ्कलन गरेर तयार पारिएको यस आलेखमा अध्ययनीय लोकनाटक प्रस्तुतिको प्रेरणा, प्रभाव र कथास्रोत तथा नाटकमा अभिव्यक्त जातीय सामाजिक सांस्कृतिक अभिव्यक्तिका बारेमा अध्ययन गरिएको छ । अध्ययन गर्ने क्रममा थारू समुदायमा सीताविवाह लोकनाटक प्रस्तुतिको प्रेरणा र प्रभाव, सीताविवाह लोकनाटकको प्रस्तुति विधान, प्रस्तुतिको आरम्भ, नाट्य प्रदर्शन, समापन र सीताविवाह लोकनाटकमा अभिव्यक्त जातीय सामाजिक सांस्कृतिक परम्पराको प्रकटीकरण जस्ता बुँदालाई विश्लेष्य आधार बनाइएको छ ।*

**शब्दकुञ्जी** : अभिनयकर्ता, खेतवाही, नाट्यीकरण, प्रदर्शमूलक, मण्डप ।

## विषयपरिचय

प्रस्तुत अध्ययनको शीर्षक रूपन्देही जिल्लाका थारू समुदायमा प्रचलित सीताविवाह लोकनाटक : प्रचलन र प्रस्तुति रहेको छ । 'थारू' नेपालको पूर्वदेखि पश्चिमसम्मको तराई भूभागमा बसोवास गर्ने एउटा जाति हो । यस जातिको बसोवास रूपन्देही जिल्लामा पनि रहेको छ । यस जातिका आफ्नै भाषा, संस्कृति, रीतिरिवाज,

१. पद्मकन्या बहुमुखी क्याम्पस, हाल नेपाल चियर काशी हिन्दु विश्वविद्यालय, वाराणसी भारत
mukundasharma444@gmail.com

Received on Oct. 15, 2024 Accepted on Dec. 20, 2024 Published on Jan. 31, 2025

परम्परा तथा आफ्नै साहित्य र लोकसाहित्य प्रचलित छन्। यिनैमध्ये अध्ययनीय सीताविवाह लोकनाटक पनि पर्दछ जसको विषय रामकथा रहेको छ। नेपाली समाजमा रामकथालाई विविध शैलीमा प्रस्तुत गर्ने गरेको पाइन्छ। यसै क्रममा लोकसाहित्यको अभिनेयात्मक तथा प्रदर्शनमूलक विधाअन्तर्गत पर्ने यस नाटकमा सम्पूर्ण रामकथाको प्रदर्शन नगरी राम र सीताको जन्म तथा रामको शिक्षादीक्षाका साथै जनकको धनुर्यज्ञमा रामले धनु भाँचेपछि राम र सीताको विवाह भएको भन्नेसम्मका घटनालाई आनुष्ठानिक विधिसहित नाट्य प्रदर्शनसहित थारू भाषामा प्रस्तुत गरिन्छ। यसरी राम र सीताको विवाह प्रसङ्लाई नाट्यीकरण गरी प्रस्तुत गर्ने र मनोरञ्जन लिनेदिने परम्परा थारू समुदायमा रही आएको भेटिन्छ। रामायण, रामलीला आदिका रूपमा पनि यस्ता विषयलाई प्रस्तुत गर्ने गरेको पाइन्छ। तर यस नाटकको छुट्टै वैशिष्ट्य पाइन्छ जसमा थारू जातीय सामाजिक संस्कृतिको अभिव्यक्ति प्रशस्त मात्रामा व्यक्त भएको छ र यसै सांस्कृतिक अभिव्यक्तिका आधारमा नै यसलाई थारू जातीय नाटकका रूपमा लिइएको हो। केही वर्षअघिसम्म प्रायः प्रत्येक थारू बस्तीमा प्रचलित यस्ता लोकनाटकहरू हाल आएर धेरै ठाउँमा लोप भइसकेका छन् भने कतिपय ठाउँमा लोपोन्मुख अवस्थामा र कतिपय ठाउँमा झिनो रूपमा प्रस्तुत हुँदै आएका छन्। त्यसैले यिनका बारेमा अध्ययन हुनु आवश्यक छ। अध्ययनीय विषय सीताविवाहको प्रस्तुति आनुष्ठानिक विधिविधानसहित कहीँ कार्तिक शुक्लपक्षको एकादशी तिथि र कहीँ मङ्सिर पञ्चमी (विवाह पञ्चमी) का दिनमा गर्ने गरिन्थ्यो भने कतै धनुर्यज्ञका नामबाट अभिनेय शैलीमा लोकनाटक र कतै लोकगाथाका रूपमा रातभरि वा दिनभरि लगाएर गायनशैलीमा प्रस्तुत गर्ने र कहीँ हिउँदमा गरिने कुलपूजा, भुयाँरपूजा आदिको अवसर वा जातीय, स्थानीय प्रचलनअनुसारको प्रस्तुतिको अवसर पारेर प्रस्तुत गर्ने परम्परा भेटिन्छ। प्रस्तुत अध्ययनका माध्यमबाट यस सीताविवाह लोकनाटकको प्रचलन, प्रेरणा, प्रभाव र कथास्रोत के हो र प्रस्तुति विधान केकस्तो रहेको छ भन्ने विषयलाई मुख्य प्राज्ञिक जिज्ञासा बनाई विश्लेषणद्वारा यसको समाधान गरिएको छ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन क्षेत्रकार्यबाट गरिएको छ। यस क्रममा रूपन्देही जिल्लाका थारू बस्तीको सर्वेक्षण गरी नाट्य प्रदर्शनको परम्परा र सामग्रीको उपलब्धताका आधारमा शुद्धोधन गाउँपालिकालाई मुख्य केन्द्र बनाई यहाँका वार्ड नं. ३ र ५ बाट सामग्री सङ्कलन गरिएको छ। यसरी सङ्कलन गर्दा मिति २०७९ देखि २०८० सम्मका विभिन्न समयमा नाट्य प्रस्तुत भइरहेका बेलामा आफै प्रत्यक्ष रूपमा सहभागी भई प्रस्तुतिको अवलोकन तथा श्रव्यदृश्य सामग्रीका माध्यमबाट कैद गर्ने नाट्यको परम्परा, पाठ र प्रस्तुति विधानका बारेमा सम्वाहकसँग सोधपुछ र टिपोट गर्ने आदि कार्य गरिएको छ। क्षेत्रकार्य गरेको पुष्टि र थारू जातीय सांस्कृतिक प्रचलनको प्रमाणका रूपमा परिशिष्टमा प्रस्तुतिगत छायाँचित्रहरू दिइएको छ। विश्लेषणका लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ। उपर्युक्त विधिअनुसार सङ्कलित सामग्रीलाई विश्लेषणका लागि लिइएको छ।

सीताविवाह लोकनाटकलाई विभिन्न सैद्धान्तिक आधारमा विश्लेषण गर्न सकिन्छ। तर यस अध्ययनमा भने यसको प्रचलन र प्रस्तुति विधानका बारेमा मात्र विश्लेषण गरिएको छ। प्रचलन र प्रस्तुति विधानको विश्लेषण गर्नु लोकसाहित्यको सामाजिक सांस्कृतिक विश्लेषणअन्तर्गतको एउटा अङ्गमध्ये पनि पर्दछ। यसरी विश्लेषण

गर्दा आफू प्रत्यक्ष रूपमा प्रदर्शनको अवलोकन कर्ता भई देखिएको परिदृश्य र त्यसबारेमा परम्परा तथा त्यसमा अभिव्यक्त जातीय सामाजिक सांस्कृतिक परम्पराको अभिव्यक्ति जस्ता कुराको पहिचान गरी गर्न सकिन्छ । यही नै यसको सैद्धान्तिक मान्यता बन्न पुग्दछ । उपर्युक्त सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गर्दा विश्लेष्य तत्त्वका रूपमा *थारू समुदायमा सीताविवाह लोकनाटक प्रस्तुतिको प्रेरणा र प्रभाव, सीताविवाह लोकनाटकको प्रस्तुति विधान, प्रस्तुतिको आरम्भ, नाट्य प्रदर्शन, समापन र सीताविवाह लोकनाटकमा अभिव्यक्त जातीय सामाजिक सांस्कृतिक परम्पराको प्रकटीकरण* जस्ता बुँदालाई निर्धारण गर्नु उपयुक्त हुने देखिएको छ । त्यसैले यिनै बुँदाका आधारमा विश्लेषण गरिएको छ ।

## छलफल तथा परिणाम

लोकनाट्यको रचना र प्रस्तुतिका लागि कुनै घटनालाई आधार बनाउनुपर्ने हुन्छ । उक्त घटनालाई आधार बनाउने प्रेरणा, लोकनाट्यमा परेको प्रभाव र कथास्रोत के हो, त्यसले सम्बन्धित समुदाय वा भूगोलको सामाजिक संस्कृतिक अधिव्यक्तिको प्रकटीकरणमा केकस्तो प्रभाव र प्रेरणाराको अध्ययन लोकसामग्रीमा प्रयुक्त पात्रको अभिनयद्वारा पत्ता लगाउन सकिन्छ । पात्रले प्रयोग गर्ने वेशभूषा र तिनले गर्ने अभिनयमा जातीय सामाजिक संस्कृतिको प्रकटीकरण केकसरी भएको हुन्छ (शर्मा, २०८०, पृ. ५३) भन्ने कुराको खोजी महत्त्वपूर्ण कार्य हुन्छ । पात्रलाई संस्कृत हिन्दी कोशमा कुनै वस्तुको आधार, भाँडो, प्राप्तकर्ता, दान पाउन योग्य व्यक्ति, अभिनेता, नाटकको पात्र (आप्टे, सन् २००७, पृ. ५८३) आदि भनेर अर्थ्याइएको पाइन्छ । यसै शब्दले कर्तव्य, स्वभाव, प्रकृति, व्यवहार, आदत, चालचलन, कृत्य (भरतमुनि, २०३९, पृ.१८-२४) आदिलाई बोध गराएको पनि पाइन्छ । समग्रमा पात्रले सम्बन्धित जाति वा समुदायको स्वभाव, प्रकृति, व्यवहार, चालचलन आदिको प्रतिनिधित्व गर्दछन् भन्ने स्पष्ट हुन आउँछ । यस्ता पात्रलाई धीरोदात्त, धीरोद्धत, धीरललित, धीरप्रशान्त (न्यौपाने, २०७३, पृ. ४६) वर्गीकरण गरेको पनि पाइन्छ तर लोकनाट्यका सन्दर्भमा भने माथि उल्लेख गरिए जस्ता पात्रको अपेक्षा गरिँदैन । लोकनाटकमा प्रयुक्त पात्रले सम्बन्धित समुदायको सांस्कृतिक प्रचलन, रीतिरिवाज र परम्पराको अभिव्यक्ति दिएका हुन्छन् । लोकसाहित्यको श्रव्य, दृश्य र अभिनेय विधाअन्तर्गत पर्ने अध्ययनीय लोकनाट्य वा लोकनाच आनुष्ठानिक र अभिनयमूलक विधा भएकाले यसको प्रचलन, प्रस्तुतिको प्रेरणा र प्रभाव, प्रस्तुति विधानका साथै सम्बन्धित जातिको लोकविधा हो भन्नका लागि त्यसमा जातीय सामाजिक सांस्कृतिक परम्पराको प्रकटीकरण केकसरी गरिएको छ भन्ने कुरा पनि हेर्नुपर्ने हुन्छ जुन यस पद्धतिबाट मात्र सम्भव छ (शर्मा, २०८०, पृ. ५१) । त्यसैले यस आलेखमा विश्लेष्य तत्त्वका रूपमा थारू समुदायमा सीताविवाह लोकनाटक प्रस्तुतिको प्रेरणा, प्रभाव र कथास्रोत, सीताविवाह लोकनाटकको प्रस्तुति विधान, प्रस्तुतिको आरम्भ, नाट्य प्रदर्शन, समापन र सीताविवाह लोकनाटकमा अभिव्यक्त जातीय सामाजिक सांस्कृतिक परम्पराको प्रकटीकरण जस्ता बुँदालाई लिई विश्लेषण गरिएको छ ।

### थारू समुदायमा सीताविवाह लोकनाटक प्रस्तुतिको प्रेरणा, प्रभाव र कथास्रोत

थारू समुदाय विशेष गरी नेपालको तराई तथा भित्रीमधेशमा बसोबास गर्दछन् । यसका साथै सीमावर्ती भारतीय भूमिमा पनि यस समुदायको बसोबास रहेको छ । सुगौली सन्धिपश्चात् नेपालका तराई भूभागमा पर्ने केही

भूगोल गाभिएपछि भारतीय भूमिमा समेत यिनीहरूको बसोबास हुन पुगेको हो । त्यसैले यिनीहरूका चालचलन, रीतिरिवाज, परम्परा, संस्कार, चाडपर्व, वेशभूषा आदिमा दुवै भूगोलका थारूमा नेपाल र भारतको भौगोलिक निकटताअनुसार समानता पाइन्छ । यसै प्रकारले यस समुदायका लोकसाहित्यिक विषय र प्रस्तुति ढाँचामा पनि समानता पाइन्छ । रामलीला, कृष्णलीला, बड्का नाच, राजा भर्थरी, बाणासुर चरित्र (उषा चरित्र), सोरठी, रमायण, सीताविवाह, धनुर्जग आदि यस समुदायका लोकनाट्य विधा हुन् जसमा भाषिक भिन्नता बाहेक विषय र प्रस्तुति ढाँचामा समानता नै पाइन्छ ।

प्रत्येक ठाउँमा परम्परादेखि नै बसोबास गर्दै आइरहेका समुदायले आफ्नो सांस्कृतिक परम्पराको विकास गरेका हुन्छन् । वैदिक कालमा मानव जाति प्रकृतिका पूजक थिए र ती प्राकृतिक वस्तुहरूप्रति आभारी हुँदै पूजाआराधना गर्ने, प्रार्थना गर्ने, घर-घरमा यज्ञ, हवन आदि गर्ने जस्ता कार्यहरू गर्दथे । त्यतिबेलाको समाज आत्मा, परमात्मा, पूर्वजन्म, पुनर्जन्म, भाग्यजस्ता कुरामा विश्वास गर्नुका साथै परमात्मालाई खुसी गराउने तथा कतिपय राजामहाराजाले आफ्नो शक्तिसमेत प्रदर्शन गर्ने नाममा अश्वमेध यज्ञ गराउने, ऋषिमुनिहरूले गोमेध यज्ञ र सप्ताह आदिको आयोजना गराउने आदि प्रचलन थियो । साथै अवतारवाद, टुनामुनावाद, झाँक्रीवाद, यज्ञवाद आदि कुरामा विश्वास गर्ने समाज थियो जसको प्रभाव हालसम्म पनि कताकति देख्न पाइन्छ (घर्ती क्षत्री, २०६७, पृ.?) । यसै क्रममा प्रत्येक समुदायमा भाषा, संस्कृति र परम्पराको विकास हुन पुग्यो भने ईश्वरीय शक्तिको प्रार्थना गर्दागर्दै भक्तिभावपूर्ण तरिकाले तिनीहरूको नक्कल पनि गर्न थालियो । यसै नक्कल गर्ने सिलसिलामा मनोरञ्जन र ईश्वरप्रति भक्तिभाव प्रकट गर्ने उद्देश्यले ईश्वरीय र शक्ति सम्पन्न व्यक्तिको अभिनय स्वरूप नाचनचरीको विकास भएको देखिन्छ । थारू समुदायमा प्रचलित नाचनचरीको प्रचलन पनि यसरी नै हुन पुगेको अनुमान गर्न सकिन्छ ।

थारू समुदायमा मनोरञ्जन गर्न, एकापसमा सौहार्दको अभिव्यक्ति प्रकट गर्न, सांस्कारिक कार्य सम्पन्न गर्न, श्रमको थकान मेट्न, भगवान्प्रतिको आस्था प्रकट गर्न, पूजाआजा र व्रतउपवास सम्पन्न गर्न, विवाह जस्ता सांस्कारिक कार्य सम्पन्न गर्ने क्रममा दुलही अन्माउने बेलामा विछोडको चिन्ताको अभिव्यक्तिका लागि आदि विविध विषयसँग सम्बद्ध गीतहरू एकल वा सामूहिक रूपमा वाद्यवादनसहित र कुनै कुनैमा वाद्यवादनरहित भई गाउने प्रचलन रहिआएको छ । त्यस्ता समय र गीतअन्तर्गत बाह्रमासी र बाह्रमासे गीत पनि पर्दछन् जसअन्तर्गत वैशाख र जेठमा वियाहगीत, विरहनीगीत, झिझिया, झमटा आदि रहेका छन् । यसैगरी असाढ महिनामा उपर्युक्त गीतका अतिरिक्त बैठौनी र गोरुबेढाइ तथा श्रावण महिनामा खेतवाही, धर्तीक जलमौती, विरहनी, खेलनी, बैठौनी, कजरी, बलहागीत, गुडियागीत, बरहमासा, रमझुमडी, खेतझुमडी, उदासी, कीर्तन वा हरिकीर्तन जस्ता गीतहरू गाउने गरिन्छ । थारू समुदायमा जुनसुकै देवीदेवतासँग सम्बन्धित कीर्तन गीत गाए पनि त्यसलाई हरिकीर्तन नै भन्ने प्रचलन छ । भदौ (भादों) महिनामा खेतवाही, धर्तिक जलमौती, कजरी, निरौनी, बलहागीत, बरहमासा, भादा, झुमडा, पटेवा, रमायण, सोरठी, अष्टिमकी, पटिदारी, राशलीला, जागरन जस्ता गीतहरू नृत्य, वाद्य र सामूहिक वा एकल गायनका शैलीमा गाउने तथा अष्टिमकी, रमायण, राशलीला, सोरठी जस्ता विषय तामझामका साथ लोकनाचका रूपमा पनि प्रस्तुत गर्ने प्रचलन भेटिन्छ । कुवाँर (असोज) महिनामा झुमडा, बरहमासा, उदासी, पटेवा, रामलीला, कृष्णलीला, आराधना, पचरा, सखियाझुमर, झिझिया, झमटा, महाभारत

जस्ता गीतहरू गाउने प्रचलन छ । झुमडा गीत वा नाच झुमडा विशेषको नाम नभई गायन, नृत्य र वाद्यको एउटा शैली विशेष हो । त्यसैले थारू समुदायका अभिनयमूलक जुनसुकै नाचको प्रस्तुतिमा झुमडाको प्रस्तुति गर्ने गरिन्छ भने रामलीला, कृष्णलीला र महाभारतका विषय सम्बद्ध गीतहरू लोकनाच प्रस्तुतिका क्रममा पनि नृत्य, वाद्य र गायन तथा वेशभूषासहितको संवादात्मक अभिनयका तालमा झुमडा नृत्य प्रस्तुत गरिन्छ ।

कार्तिक (कातिक) महिनामा झुमडा, देबीगीत, महाभारत, रामलीला, बरहमासा, राजा भरथरी, बिहग्रा आदि गीत र यसै समयमा कात्तिके धान काट्ने समय पर्ने भएकाले कटनी गीत पनि गाउने तथा देबीगीत, महाभारत, रामलीला, सीताविवाह र राजा भरथरी जस्ता विषयलाई लोकनाटकका रूपमा पनि प्रस्तुत गर्ने गरिन्छ । अगहन (मंसिर) महिनामा कटनी, लवाडीपूजा, बनगितवा आदि गीत र पुस महिनामा कौडा (घाइघुरानको आगो) ताप्दै पराती, फुलवार, गोबिना आदि गीत गाउने गरिन्छ । माघ महिना थारू समुदायका लागि विशेष महिना हो । यसै महिनाको एक गते अर्थात् सङ्क्रान्तिलाई नयाँ वर्षका रूपमा मनाउने र खिचडी खाएर उल्लासमय तरिकाले मनाउने गरिन्छ भने लेनदेनको व्यवहार पनि यसै बेला टुङ्ग्याउने गरिन्छ । यस समयमा मघौटा, मैना, लगनी, सोहर, बियाह, झुमडा, बनगितवा, फाग, कबीर आदि गीत गाउने गर्दछन् । यसैगरी फागुन महिनामा फगुवा, कबीर, बियाह, झुमडा, बनगितवा र चैत महिनामा चैती, चैता, चैतीकुसुम, तितला, निर्गुन आदि गीतहरूको प्रस्तुति गर्ने गरिन्छ । उपर्युक्त गीतका अतिरिक्त सदाबहार गाउन मिल्ने बाह्रमासे लोकगीत पनि यस समुदायमा प्रचलित छन् जसअन्तर्गत चाँचर, भादा, उदासी, बिरहनी, भोरहरी, बरहेमासी, बैठक्की, बियाहगीत, सोहर, बैठौनीगीत, पचरा, फुलवार, धर्तिक जलमौती, सितलाफूलमती, खेतवाही, चैता, चैती, बनगितवा, खेतझुमडी, रामझुमडी, हिंडोलवा, झूमर, खेलनी, रतौली, तितला, झिझिया पटेवा, झुमडा, सोरठी, लचारी, सुमरौती, दोहा, मरसिया, झर्रा, झमटा, बिहग्रा, चौपाई, देशवन्ती, गारी, गुडिया, कजरी, अस्टिमकी, फगुवा, कबीर, उलारा, भजन, रौरा, खेम्टा, पुर्बी दादरा, डोल, दोतल्ली, जर्ती, बैसवाडा आदि पर्दछन् । यी सबै गीतमा थारू जातीय सामाजिक संस्कृतिको अभिव्यक्ति पाइन्छ जसले थारू जातिका गीत हुन् भन्ने कुराको स्पष्ट जानकारी दिन सकेको छ । झुमडा गीत/नाचनृत्य उपर्युल्लिखित गीतहरूअन्तर्गत नै पर्दछन् । यिनैमध्ये सीताविवाह झुमडासमेत पर्दछ । उपर्युक्त गीत, गाथा, नाचनचरीले नै थारू समुदायमा सीताविवाह लोकनाटकको रचना र प्रस्तुतिको प्रेरणा मिलेको हो भन्ने पनि स्पष्ट हुन्छ ।

सीताविवाह लोकनाटक प्रस्तुतिको प्रेरणा र प्रभावतर्फ दृष्टि दिँदा थारू समुदाय प्रायः हिन्दु र बौद्ध धर्मावलम्बी रहेका, भगवान् बुद्ध पनि यिनैका वंशज मान्ने गरिएको, यिनीहरू रोजगारी लगायतका कामले भारतीय भूमिमा आवत जावत गर्ने गरेका, भाषिक दृष्टिले भोजपुरी र अवधी भाषासँग थारू भाषा केही मिल्दोजुल्दो रहेको आदि जस्ता कारणले भारतीय भूमिमा देखेको रामलीला, कृष्णलीला लगायतको नाचको प्रभाव यस समुदायमा पनि पर्न गयो । फलस्वरूप आफ्नै जातीय सांस्कृतिक अभिव्यक्ति प्रकट गर्ने गरी आफ्नै लोकसाहित्यको रचना र प्रस्तुति गर्नु पर्दछ भन्ने चेतना यस समुदायमा जाग्न पुग्यो र माथि उल्लिखित गीतका अतिरिक्त सीताविवाह, सोरठी वृजभार जस्ता सामग्रीको रचना र प्रस्तुति गर्न पुगेका हुन् भन्ने देखिन्छ । तत्कालीन अवस्थामा मनोरञ्जनका साधनको अभाव, बाटोघाटोको असहजता आदि कारणले पनि मनोरञ्जन गरी आफ्नै ठाउँमा बस्नु पर्दछ भन्ने चेतना तथा हिन्दी भोजपुरी आदि साहित्यको अध्ययन, तुलसीदास, बाल्मीकि, व्यास

लगायतद्वारा रचित रामायण र महाभारतको अध्ययन आदिबाट पनि विषयको प्रभाव पर्न गई यिनै कृतिलाई स्रोत मानेर प्रभाव ग्रहण गरी आफ्नै भाषा र शैलीमा आफ्नै जातीय सामाजिक संस्कृतिको प्रकटीकरण गर्ने गरी रचना र प्रस्तुतिको आरम्भ गरेका हुन् भन्ने देखिन्छ। आजकल सुलभ हुन पुगेको बाटोघाटो, मनोरञ्जनका साधनको पर्याप्तता, छिरलिएको बसाइँ, वैदेशिक रोजगारको उपलब्धता भई युवाहरूको विदेश पलायन र यस्ता सामग्रीका संवाहक प्रौढ पुस्ताको मृत्यु जस्ता कारणले यिनको लोप वा आंशिक लोप हुन पुगेको देखिएको छ।

**सीताविवाह लोकनाटकको प्रस्तुति विधान**

सामान्यतः धार्मिक विषयसँग सम्बद्ध चरित्र गाथा वा नाचहरूको प्रस्तुति वर्षात्को रोपाइँ र गोडाइको काम सकेपछि कृष्ण जन्माष्टमीबाट सुरु गर्ने गरिन्छ। रामकथासम्बद्ध नाट्यको प्रस्तुति भने सामान्यतः दसैँको प्रतिपदादेखि सुरु गर्ने प्रचलन छ। त्यसपछि कार्तिकपूर्णिमा, मंसिरमा पर्ने विवाह पञ्चमी, माघी, होली, राम नवमी आदिका बेलामा गरिन्छ। पहिला पहिला यसलाई नाटक प्रस्तुतिका रूपमा प्रतिस्पर्धा गराउने गरेको पनि पाइन्थ्यो भने हाल संस्कृतिको निरन्तरता स्वरूप उपर्युक्त समय र अवसरमा यसलाई प्रस्तुत गर्ने गरिन्छ (शर्मा, २०६८, पृ. ५९)। प्रस्तुत अध्ययनका निम्ति सङ्कलित सामग्रीको प्रस्तुति कार्तिक पूर्णिमा र मङ्सिरमा पर्ने विवाह पञ्चमीका अवसरमा गाउँको बिचमा पर्ने सार्वजनिक खुला ठाउँमा गरिएको थियो। थारूहरू दसैँ, तिहार, माघी, होली, शिवरात्री आदि पर्वलाई विशेष रूपमा मनाउने र यस्ता अवसरमा लोकविधाको प्रस्तुतिका माध्यमबाट मनोरञ्जन लिने दिने प्रचलन समेत रहेकाले यस्ता स्थान र अवसरलाई प्रस्तुतिको समयका रूपमा चयन गर्नु पनि यस जातिको सामाजिक संस्कृतिसँग सम्बन्धित देखिन्छ। यसको प्रस्तुति गर्दा प्रस्तोताका रूपमा नाट्याभिनयका लागि पुरुष पात्रहरू, नृत्याभिनयका लागि महिलाको वेशमा सजिएका तेम्रो लिङ्गी वा पुरुषहरू (आजकल महिला नृत्यमा महिला नै आउने गरेको देखिन्छ) तथा गायन र वाद्यवादनका लागि पाका उमेरका पुरुषहरू रहने गर्दछन्। कहीँकहीँ पछुवा टोलीका रूपमा पाका उमेरका महिलाहरू समेत सहभागी हुने गरेको देखिन्छ। यसरी यसका प्रस्तोता चयन गर्दा व्यक्तिको स्वभावअनुसार नाटकमा आउने पात्रको भूमिकाको जिम्मेवारी सुम्पिने गरेको पाइन्छ।

नाचको प्रस्तुति गर्दा वाद्यवादन सामग्रीका रूपमा घण्ट, मनरा, मन्जिरा (मुजुरा), झिनियाँ, नगरा, हर्मोनिया, ढोलक, झ्याली, कठताल, चिम्टी, मुरली र नृत्याभिनयकर्ताको खुट्टामा घुँगुरा समेतको प्रयोग गरिन्छ। यी बाजाले समेत थारू जातीय सामाजिक सांस्कृतिको अभिव्यक्ति प्रकट गरेका हुन्छन्। यसको प्रस्तुतिगत वेशभूषाका रूपमा पात्र अनुकूल (हेर्नु परिशिष्ट 'ख' छायाँचित्र) को नै प्रयोग गरेका हुन्छन्। महिलाले टाउको देखाउनु हुँदैन भन्ने मान्यता यस जातिमा रहेकाले महिला वा महिलाको भूमिकामा आउने पात्रले नाट्य प्रस्तुतिको भूमिकामा त्यस्तै प्रकारको वेशभूषा पहिरी टाउको ढाकेका हुन्छन्। गायक टोली भने सामान्य वेशभूषामा नै सजिएका हुन्छन्। यसरी प्रस्तुत गरिने सीताविवाह नाट्यको प्रस्तुति विधानअन्तर्गत *प्रस्तुतिको आरम्भ, नाट्य प्रदर्शन र समापन* गरी तिन चरणमा राखेर चर्चा गर्न सकिन्छ।

**प्रस्तुतिको आरम्भ**

सीताविवाह लोकनाटक आनुष्ठानिक विधिद्वारा सम्पन्न गरिने लोकविधा हो। यसको प्रस्तुतिको आरम्भ गर्दा केही आनुष्ठानिक प्रक्रियाहरू पूरा गर्नुपर्ने हुन्छ जसमा बेदी बनाउनका लागि व्रत बसेका महिला र पुरुष मिलेर

वाद्यवादनसहित गीत गाउँदै नजिकको नदीमा गएर आनुष्ठानिक विधिविधान अवलम्बन गरी रेखी हाल्ने, हामीकहाँ आयोजना गरिने सीताविवाहका लागि माटो लिन तिमीलाई आज खन्दै छौँ भन्ने भावको गीत गाउँदै खन्ने र ढकियामा राख्ने त्यसपछि त्यहीँ गायनसहित नृत्य गर्ने र माटो ल्याई बेदी निर्माण गर्ने, स्थानीय डिउहार (थारू जातिका देउता) को क्षमा पूजा गर्ने आदि गरेर मण्डप निर्माण गरिन्छ। मण्डप निर्माण गर्दा पसाएको केराको थाम बिचमा गाडिन्छ र चारैतिर कलश स्थापना गरिन्छ। हवन मण्डप पनि निर्माण गरिन्छ। सीताको माइतीमा विवाहपूर्व गर्नुपर्ने अनुष्ठान त्यही मण्डपमा सम्पन्न गरिन्छ। नर्तक, वाद्यवादक, गायक, अभिनयकर्ता र दर्शकका लागि स्थान बनाइन्छ। नृत्य र अभिनयकर्ताहरू तयारी अवस्थामा रहेका हुन्छन्। त्यसपछि वाद्यवादन सामग्रीलाई ढोग गरी गायन आरम्भ गरिन्छ।

**नाट्य प्रदर्शन**

सीताविवाह नाट्य प्रस्तुतिपूर्व गरिने अनुष्ठान कार्य र यसै क्रममा गरिने नृत्य प्रस्तुतिपछि नाट्यारम्भ गरिन्छ। थारू जातिका वार्षिक पर्व तथा उत्सवहरू नै नाट्य प्रस्तुतिका अवसर हुन् भन्ने यस अघि नै चर्चा गरिसकिएको छ। सार्वजनिक समारोहको अवसरबाहेक सामान्यतः यसको प्रस्तुति रातको समयमा नै गरिन्छ। यसरी प्रस्तुति गर्दा १५ दिन जति प्रत्येक रातमा बुढापाकाले प्रशिक्षण पनि दिन्छन् र अभिनय गर्नसक्ने पात्रलाई मात्र छनौट गर्छन्। बिचबिचमा हास्य पात्र आएर विभिन्न मुखाकृति, अङ्गचेष्टा आदि गरेर वा व्यङ्ग्य चुट्का आदि भनेर दर्शकलाई हँसाउने पात्र पनि चयन गरिन्छ र प्रशिक्षणदेखि अन्तिम प्रस्तुतिसम्म नै यस्ता पात्र आएर हँसाउने पनि गर्दछन्। यसरी यसको नाट्य प्रस्तुतिका लागि कम्तिमा एकदिन वा रातदेखि नौ दिनरातसम्मको समय लिने गरेको पाइन्छ। यसमा कति समय छुट्ट्याउने भन्ने कुरा आर्थिक जोहोले पनि भूमिका खेल्ने गर्दछ। अनुष्ठान र मङ्गलाचरणको प्रस्तुतिपछि मुख्य कथाअनुसारको अभिनय आरम्भ गरिन्छ। यसरी नाटकको नाम सीताविवाह भनिए तापनि यसमा सन्तान प्राप्तिका लागि दशरथले गरेको छलफल, उनले आयोजना गरेको पुत्रेष्ठी यज्ञ, रानीहरूलाई प्रसाद वितरण, रामका चार भाइको जन्म, राजा दशरथद्वारा उनीहरूको आरती र न्वारान, बाललीला, विश्वामित्रको आगमन र राजा दशरथसँग भेटघाट, उनले आफ्नो यज्ञ सुरक्षाका लागि र राम-लक्ष्मणको अध्ययनका लागि दशरथसँग माग, दशरथबाट विरोध, वशिष्ठ ऋषिबाट दशरथलाई सम्झाइनु, राम-लक्ष्मण विश्वामित्र ऋषिसँग ऋषि आश्रम प्रस्थान, अहिल्या उद्धार, रामबाट गंगा उत्पत्तिबारे जिज्ञासा र ऋषिबाट समाधान, विश्वामित्रको सेवा, राक्षसहरूबाट यज्ञमा अवरोध, रामबाट ताडका लगायतका राक्षसको बध, सीताद्वारा शिवधनु उठाई लिपपोत, उनका सखीहरूद्वारा राजालाई जानकारी र सीताको विवाह यस धनुलाई भाँच्नसक्ने व्यक्तिसँग मात्र गर्न प्रस्ताव, राजा जनकद्वारा धनुर्यज्ञ आयोजनाको घोषणा र चारैतिर निम्तो बाँडिनु, धनुर्यज्ञमा विभिन्न देशका राजा, रावण लगायतको आगमन र शिव धनु उठाउने प्रयास, अन्त्यमा रामद्वारा शिवधनु भङ्ग गरी सीतासँग स्वयम्बर, राजा दशरथ कहाँ खबर, दशरथले सबैतिर निम्तो बाँडी हात्ती, घोडा र पैदल रूपमा समेत जन्ती लिएर जानु, थारू संस्कृतिअनुसार जन्तीलाई गाली गीत गाउँदै जन्तीको स्वागत र विवाह कार्यक्रम सम्पन्न, शिव धनु भाँचेका विषयमा राम र परशुराम बिच विवाद जस्ता घटनालाई मनोरञ्जनपूर्ण अभिनयद्वारा दर्शकलाई देखाइन्छ। बिचबिचमा हास्य पात्र र जन्ती आउने बेलामा जन्तीको अभिनयमा तथा गाली गीत गाउँदा र जन्तीलाई लोटाउँदा जस्ता घटनामा हँसाउने पनि गरिन्छ। यसरी प्रदर्शन गर्दा सबै पात्र र नृत्याभिनयकर्ताले भूमिकाअनुसारको नै वेशभूषा पहिरेका हुन्छन्। यसरी नाट्याभिनय समापन हुन्छ।

**समापन**

नाट्याभिनयको विवाह कार्यक्रम सकिएपछि जन्तीको विदाई गरिन्छ। जन्ती कहाँ कहाँ हुँदै कहाँ पुगेर बास बसे र कति दिनमा अयोध्या पुगे अनि त्यहाँ दुलही भित्र्याउँदा केकस्ता कार्यकलाप गरियो भन्ने कुरा प्रत्यक्ष संवादबाट भन्दा पनि कथोपकथन शैलीमा गाथा गायनका माध्यमबाट वर्णन गरिन्छ। त्यसपछि सामूहिक रूपमा गीत गाएर समापन गरिन्छ। समग्रमा समापन कार्यक्रम १० देखि १५ मिनेटको रहेको हुन्छ। त्यसपछि सबैजना आआफ्नो घरतर्फ लाग्छन्।

**सीताविवाह लोकनाटकमा अभिव्यक्त जातीय सामाजिक सांस्कृतिक परम्पराको प्रकटीकरण**

थारू जातिमा कुनै पनि माङ्गलिक कार्य गर्दा आफ्ना भुयाँर, डिउहार, डहरचन्नी आदि कुल देवता, गुरु एवम् हिन्दु परम्परामा विश्वास गरिएका देवी देवतालाई सम्झने प्रचलन छ। अध्ययनीय सीताविवाह लोकनाटकको प्रस्तुति गर्दा पनि यसको आरम्भमै स्थानीय चोकमा गएर धूपबत्ती गरी विभिन्न देवी देवता, भुयाँर, डिउहार, डहरचन्नी, गुरु आदिलाई सम्झिने, कपूर, धूप र अगरबत्ती बालेर पूजा गर्ने आदि कार्य गरिन्छ। यस समाजमा आफूले एउटा गुरु बनाउने र आफूलाई परि आएका समस्या तथा धार्मिक सांस्कृतिक समस्यामा राय सुझाव लिने प्रचलन पाइन्छ जसको अभिव्यक्ति अध्ययनीय नाटकका गीत र नाट्य प्रस्तुतिमा पाइन्छ। दशरथ राजा निःसन्तान भएपछि सन्तान प्राप्तिको उपायका लागि आफ्ना गुरु वशिष्ठलाई बोलाएर सल्लाह लिएको अभिनय र संवाद गरेबाट यसको पुष्टि हुन्छ। थारू समाजमा विवाहपछि महिलाको भूमिका महत्त्वपूर्ण हुने गर्दछ र पुरुषले पत्नीको आदेश लिएर मात्र काम गर्ने, ससुराली जाँदा पनि झोलाझाम्टा पतिले नै बोकेर जानुपर्ने र श्रीमती खाली हात जाने, फुर्सदको समयमा जाडोयाम भए गाउँको खाली चौरमा र गर्मीयाम भए गाउँको छेउमा रहेको बगान वा ठूला बुटाहरूको छहारीमा बसेर घर तथा समाजका बारेमा सरसल्लाह गर्ने, जूवातास खेल्ने, घरमा आवश्यक पर्ने चोयाचित्राको काम गर्ने आदि गर्दछन्। यस्तो बेलामा आफ्नो घरमा आवश्यक कामकाज परेमा घर मूलीलाई घरकी महिला वा छोराछोरी बोलाउन आउने प्रचलन पनि छ। यसको अभिव्यक्ति यस नाटकमा पनि रानीहरूलाई सुत्केरी व्यथा लागेका बेलामा दशरथ राजा बेलको बुटामुनि जुवा खेलेर बसेका र उनकी सेविका आएर खबर गरेकी तथा राजा आफै सुँडेनी खोज्न गएका भन्ने वर्णन भएबाट स्पष्ट हुन्छ। सुढेनी खोज्न घरको मूली पुरुष आफै जाने र सुँडेनीले काम सकेपछि घर धनीले उसलाई उसको इच्छाअनुसारको अन्न, लुगा, पैसा आदि दिएर विदा गर्ने प्रचलन पनि यस समुदायमा अद्यापि छ।


थारू जातिमा रामलीला प्रदर्शन, रामायण गाथा गायन, सीताविवाह वा धनुर्जगको आयोजन आदिका माध्यमबाट रामको चरित्र वर्णन गर्ने प्रचलन पनि छ जसको अभिव्यक्ति यस नाट्यमा विश्वामित्रले राम लक्ष्मणलाई धनुष चरित्र हेर्न जनकपुर लिएर गएको प्रसङ्ग आएबाट पुष्टि हुन्छ। यस जातिमा पूजाआजाका अवसरमा फूलपाती टिप्ने, यज्ञ मण्डप तयार पार्ने, निम्तारुलाई निम्ता गर्ने, शृङ्गारपटार गराउने आदि कार्यमा नाउ जातिको उपस्थितिलाई अनिवार्य र बाध्यात्मक मानिन्छ। यसको अभिव्यक्ति पनि अध्ययनीय नाटकमा पाइन्छ। विवाहका अवसरमा नाउ जातिकी महिला (नाउनी) ले दुलहीलाई बुकुवा र बेसार घसिदिने र दुलहाका दिदी बहिनीले उसलाई नुहाइ दिने प्रचलन छ जसको अभिव्यक्ति पनि यस रामायणमा पाइन्छ। यस जातिमा

दुलही पक्षका महिलाले जन्तीलाई मिठामिठा गालीगीत गाएर जन्तीलाई जिस्काउँदै स्वागत गर्ने र अघिपछि पनि जन्तीलाई जिस्काउने प्रचलन पाइन्छ जसको अभिव्यक्ति यस नाटकमा पनि पाइन्छ। दुलहीलाई बिदा गर्दा दुलहीका साथीसँगिनी, आमा, दिदी, भाउजू आदिले दुलही आफ्ना घरमा गइसकेपछि निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा सिकाइन्छ जसको अभिव्यक्ति यस नाटकमा पनि पाइन्छ। यसरी समग्रमा अध्ययनीय नाटकमा थारू जातीय सामाजिक संस्कृतिको अभिव्यक्तिले ओतप्रोत छ भन्न सकिन्छ।

**निष्कर्ष**

थारू जातिले आफ्नो सामाजिक संस्कृतिमा रहेका चालचलन, रीतिरिवाज, परम्परा र व्यवहारलाई लोकसाहित्यका विभिन्न विधाका माध्यमबाट प्रस्तुत गर्ने गरेको पाइन्छ। हिन्दु धर्मको प्रभावबाट प्रभावित यस जातिका सांस्कृतिक प्रचलन, रीतिरिवाज र परम्परा, आस्था, विश्वास र लोकसाहित्यिक विधासमेत आफ्नै किसिमका रहेका छन्। यिनैमध्ये विभिन्न अवसरमा प्रस्तुत गरिने विभिन्न लोकगीत, लोकनाटक र अध्ययनीय सीताविवाह लोकनाटक पनि पर्दछ। यस नाटकमा थारू जातिका स्थानीय जातिगत सांकृतिक प्रचलन, रीतिरिवाज र परम्पराको अभिव्यक्ति प्रकट गरिएको देखिन्छ। यसमा उक्त जातिका घर व्यवहार तथा सामाजिक कार्यहरू सम्पन्न गर्दा गरिने प्रथाहरूको अभिव्यक्ति पनि झल्केको छ। यसको प्रचलन सदियौंदेखि चल्दै आएको छ जसका आफ्नै किसिमका प्रस्तुति विधान छन् जुन अन्य समुदायका नाचनृत्यभन्दा भिन्न शैलीका रहेको देखिन्छ। यस नाच रचना र प्रस्तुतिको प्रेरणा भारतीय भूमिमा कामका सिलसिलामा गएका बेलामा देखेका रामलीला आदिबाट मिलेको हो भने यसमा बाल्मीकीय रामायण र अवधी भाषी तुलसीदास कृत रामचरित्र मानस कथाको प्रभावका साथै जातीय सांस्कृतिक प्रभावसमेत पर्न गएको छ भन्ने देखिएको छ। त्यसैले यस्ता नाचमा अभिव्यक्त जातीय सामाजिक सांस्कृतिक प्रभाव हेर्नु पनि आवश्यक छ भन्ने स्पष्ट भएको छ। यस नाटकमा थारू जातीय सामाजिक शिष्टाचार, घर व्यवहार र खानपान जस्ता कुरामा केही मात्रामा यस जातिको आफ्नै मौलिकपन पनि झल्किएको छ भन्ने पनि स्पष्ट हुन्छ। त्यसैले यस्तो अध्ययनका लागि थारू समुदायमा सीताविवाह लोकनाटक प्रस्तुतिको प्रेरणा र प्रभाव, सीताविवाह लोकनाटकको प्रस्तुति विधान, प्रस्तुतिको आरम्भ, नाट्य प्रदर्शन, समापन र सीताविवाह लोकनाटकमा अभिव्यक्त जातीय सामाजिक सांस्कृतिक परम्पराको प्रकटीकरण जस्ता बुँदालाई लिनु उपयुक्त र सान्दर्भिक छ भन्ने स्पष्ट हुन आएको छ। यसै आधारमा नै उक्त विधा कसरी र किन प्रस्तुत गरिन्छ भन्ने जिज्ञासाको समाधान हुन सक्दछ भन्ने पनि यस अध्ययनबाट स्पष्ट हुन आएको छ। आजकल यस्ता संस्कृतिको महत्त्व नबुझ्दा र नेपालमा भएका विभिन्न राजनीतिक आन्दोलन, अन्य समुदायको प्रभाव, उक्त जातिमा यसको संरक्षण गर्नुपर्छ भन्ने चेतनाको अभाव, पछि आएका राजनीतिक नेतृत्वले यस्ता संस्कृतिको संरक्षण गर्नुपर्छ भन्ने कुरामा ध्यान नदिनु जस्ता कारणले यस्ता संस्कृति सम्बद्ध नाचनचरीहरू कतिपय ठाउँमा लोप भइसकेका छन् भने कतिपय लोपोन्मुख अवस्थामा पुगेका छन्। त्यसैले यसको यिनको संरक्षणमा ध्यान दिनुपर्दछ भन्ने पनि यस अध्ययनबाट स्पष्ट हुन आएको छ।

## परिशिष्ट : सीताविवाह लोकनाटकका प्रस्तुतिगत छायाचित्रहरू



छायाँचित्र १ : मण्डप सजाउँदै स्थानीय महिलाहरू




छायाँचित्र २ : नाट्यबारे विचार राख्दै शोधकर्ता




छायाँचित्र ३ : नाट्यको आरम्भमा झुमरा नृत्य गर्दै सहभागीहरू र अवलोकन गर्दै शोधकर्ता



छायाँचित्र ४ : वाद्यवादक र गायक टोली एवं गीत रेकर्ड गर्दै शोधकर्ता



छायाँचित्र ५ : राम लक्ष्मणको जन्मपछि आरती गर्दै राजा दशरथ



छायाँचित्र ६ : राम जन्मेको खुशीयालीमा सस्तो बजार चलाउँदै राजा



छायाँचित्र ७ : शिक्षाका लागि तपोवन जाँदै रामलक्ष्मण र ऋषि



छायाँचित्र ८ : अहिल्याको उद्धार गर्दै राम



छायाँचित्र ९ : नाचको परम्पराबारे सोधपुछ गर्दै शोधकर्ता



छायाँचित्र १० : विवाहपूर्वको अनुष्ठान र गौरीको पूजा गर्दै सीता



छायाँचित्र ११ : धनुर्यज्ञमा आएका विभिन्न देशका राजाहरू



छायाँचित्र १२ : धनु प्रदर्शनमा राख्न लैजाँदै सीता



छायाँचित्र १३ : पालकीमा चढेर आउँदै लङ्काधिपति रावण



छायाँचित्र १४ : धनु भाँचेपछि राम र परशुराम बिच वादविवाद हुँदै



छायाँचित्र १५ : रामलाई वरमाला पहिऱ्याइदिँदै सीता



छायाँचित्र १६ : रामका जन्तीलाई खाना नास्ता खुवाउँदै सीताका माइती

*कृतज्ञता ज्ञापन :* प्रस्तुत लेख विश्वविद्यालय अनुदान आयोग सोनोठिमी भक्तपुरद्वारा प्रदत्त अनुसन्धान वृत्तिमा गरिएको *रूपन्देही जिल्लाका थारू समुदायमा प्रचलित सीताविवाह लोकनाटकको विधापरक अध्ययन* शीर्षकको लघुअनुसन्धान कार्यको परिपूर्तिका लागि लेखिएकाले अनुसन्धान वृत्ति प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोगलाई धन्यवाद टक्र्याउँछु ।

**सन्दर्भसामग्री**

आप्टे, शिवराम.(सम्पा.) (२००७). *संस्कृत-हिन्दी शब्दकोश.* नई दिल्ली : अशोक प्रकाशन सन् ।

उप्रेती, कुन्दनलाल.(सन् २०००). *लोकसाहित्यका प्रतिमान* (द्वितीय संस्क.). अलिगढ : भारत प्रकाशन मन्दिर ।

गौतम, टेकनाथ (२०४४). *थारू जातिको इतिहास तथा संस्कृति.* दाङ : सुशील कुमार गौतम ।

घर्ती क्षत्री, सूर्यबहादुर (२०६७). *पाल्पाको मगर संस्कृति अप्र.* विद्यावारिधि शोधप्रबन्ध. काठमाडौं : त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय ।

चौधरी, महेश (२०६४). *नेपालको तराई तथा यसका भूमि पुत्रहरू.* काठमाडौं : शान्ति चौधरी ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१). *नेपाली लोकसाहित्यको विवेचना.* काठमाडौं : त्रि.वि.पाठ्यक्रम विकास केन्द्र ।

दहित, गोपाल (२०६१). *थारू-नेपाली-अंग्रेजी शब्दकोश.* बर्दिया : सामूहिक युवा क्लब ।

दहित, गोपाल (२०६१). *थारू संस्कृतिको सङ्क्षिप्त परिचय.* ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

न्यौपाने, विष्णु (२०७३). *संस्कृत लक्षण ग्रन्थहरूमा पात्रविधान.* प्रज्ञा ११४ । पृ. ४४-६०

पराजुली, कृष्ण प्रसाद (२०५७). *नेपाली लोकगीतको आलोक.* काठमाडौं : वीणा प्रकाशन ।

पराजुली, मोतीलाल (२०६३). *नेपालमा प्रचलित नृत्य र नृत्य नाटिकाहरू.* ललितपुर : साझा प्रकाशन ।

पराजुली, मोतीलाल र गिरी, जीवेन्द्र देव (२०६८). *नेपाली लोक साहित्यको रूपरेखा.* ललितपुर : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (निर्दे.) (२०४०). *नेपाली बृहत् शब्दकोश.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५८). *नेपाली लोकसाहित्य.* काठमाडौं : एकता प्रकाशन ।

भरतमुनि (२०३९). *नाट्य शास्त्र. अनु. गोविन्दराज भट्टराई.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

भुसाल, डोमलाल (२०६१). *कपिलवस्तु जिल्लाका थारू जातिमा प्रचलित नृत्यगीतहरूको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. काठमाडौं : त्रि. वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग ।

शर्मा, मुकुन्द (२०६८). *झुमरा र चरित्र नाचको तुलनात्मक अध्ययन.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. काठमाडौं : त्रि. वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग ।

शर्मा, मुकुन्द (२०७०). *थारू लोक रामायण.* बुटवल : जानकीदेवी शर्मा ।

शर्मा, मुकुन्द (सन् २०१४). *रूपन्देही जिल्लाका थारू जातिमा प्रचलित लोकरामायणको तात्त्विक विश्लेषण.* कन्ट्रिव्युसन्ज टु नेपलिज स्टडिज. भोलुम् ४१. नम्बर २. जुलाई. पृ. २४५-२८५

शर्मा, मुकुन्द (२०८०). *रूपन्देही जिल्लाका थारू समुदायमा प्रचलित सीताविवाह लोकनाटकको विधापरक अध्ययन लघुअनुसन्धान.* विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुर ।